# गेरुवा गाउँपालिका

# २०७५

## २१ औं कार्यपालिका बोर्ड बैठक

**७ श्रावण, २०७५**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँपालिका |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७५ साल श्रावण ७ गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी. ज्यू को अध्यक्षतामा कार्यपालिकाको ३१ औं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ।**

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | |
| श्री हुकुम बहादुर चलाउने | - | का.वा. वडाअध्यक्ष, वडानं. ४ | |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | |
| श्री शान्ती चौधरी | - | सदस्य | |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | |
| श्री बम बहादुर वि क. | - | सदस्य | |
| श्री नारायण प्रसाद भण्डारी | - | नि.प्र.प्र.अ. | सदस्य-सचिव |

गेरुवा गाउँपालिका

**प्रस्तावहरु**

**१. बार्षिक सार्वजनिक खरिद योजना/आवधिक कार्यविधि निर्माण गर्ने सम्बन्धमा।**
**२. विभिन्न समितिहरु गठन गर्ने सम्बन्धमा।**
**३. टेलिफोन लाइन र इन्टरनेट जडान गर्ने सम्बन्धमा।**
**४. सामुदायिक गाई उद्धार केन्द्र सञ्चालन गर्ने सम्बन्धमा।**
**५. कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा।**
**६. गेरुवा गाउँपालिकाका तेश्रो गाउँसभाबाट भएका निर्णयहरु समर्थन एवं कार्यान्वयन गर्ने सम्बन्धमा।**
**७. घाट उत्राहीको ठेक्का बन्दोवस्त गर्ने सम्बन्धमा।**
**८. सूचना प्रविधि अधिकृतको करार सम्झौता निरन्तरता गर्ने सम्बन्धमा।**
**९. बिबिध**
**(क) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

**निर्णयहरु :-**

**१. बार्षिक सार्वजनिक खरिद योजना/आवधिक कार्यविधि निर्माण गर्ने सम्बन्धमा।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिकाको तेश्रो गाउँसभाबाट नीति तथा कार्यक्रम र आवश्यक ऐन/नियमहरु स्वीकृत भएकोले सो अनुसार कार्यान्वयनका लागि देहाय बमोजिमका समितिहरु गठन गर्ने र ती समितिहरुले बार्षिक सार्वजनिक खरिद योजना/बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि निर्माण गरी स्वीकृतिका लागि गेरुवा गाउँ कार्यापालिकाको ३२ औं बोर्ड बैठकमा पेश गर्ने गरी देहाय बमोजिमका समितिहरु लाई निर्देशन गर्ने निर्णय गरियो।

कार्यविधि निर्माण समितिहरु:

**(क)** यस बर्ष सार्वजनिक खरिद गर्नु पर्ने सवै प्रकृतिका कार्यहरुका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को आधारमा बार्षिक सार्वजनिक खरिद योजना बनाई स्वीकृतार्थ पेश गर्नु पर्ने छ।

| | | |
|---|---|---|
| (१). | वडा कार्यालयहरु | १. वडा सचिव<br>२. लेखा /सहायक कर्मचारी/ सहजकर्ता<br>३. प्राविधिक प्रतिनिधि |
| (२) | विषयगत शाखाहरु | १. संयोजक |

गेरुवा गाउँपालिका

२. लेखा /सहायक कर्मचारी
३. प्राविधिक प्रतिनिधि

(३) गाउँपालिका

१. सार्वजनिक खरिद ईकाई प्रमुख
२. प्राविधिक शाखा प्रतिनिधि
३. आर्थिक प्रशासन शाखा प्रतिनिधि
४. स्टोर किपर

**(ख)** हरेक वडाहरुका हरेक योजना तथा कार्यक्रमहरुको बार्षिक/अद्यावधिक कार्यविधि निर्माण गर्नका लागि देहाय बमोजिमको समितिले अनुमोदन/सिफारिस गरी स्वीकृतार्थ पेश गर्नु पर्ने छ ।

१. वडा अध्यक्ष
२. प्राविधिक
३. वडा सचिव
४. क्लष्टर सदस्यहरु

**२. विभिन्न समितिहरु गठन गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत भएको नीति तथा कार्यक्रम सफल बनाउन आवश्यक पर्ने देहाय बमोजिमका कार्यहरु गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

क. गेरुवा गाउँपालिका स्तरीय शिक्षा व्यवस्थापन समिति गठन गरी शिक्षा ऐन/ नियमावली बमोजिम जिल्ला शिक्षा समितिले गर्ने कार्य मापदण्ड निर्माण गरी पूर्ण साक्षर घोषणा कार्यक्रम सञ्चालन रणनीति बनाउने ।

ख. सडक, घर र बस्ती व्यवस्थापन मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

ग. टोल समिति गठन र परिचालन गर्ने ।

घ. बार्षिक गतिविधि प्रगति प्रतिवेदन /पुस्तिका प्रकाशन गर्ने ।

**३. टेलिफोन लाइन र इन्टरनेट जडान गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा हरेक गाउँ/गाउँमा वाईफाई तथा प्रविधिमय सुशासन प्रवाह गर्ने नेपाल सरकारको नीति बमोजिम गेरुवा गाउँपालिकालाई समेत सूचना तथा सञ्चार प्रविधि युक्त बनाउन र विधुतीय शासन प्रदान गर्ने नीति अवलम्बन गरी सवै वडा कार्यालयहरुमा वाईफाई जडान भएकोले अव देखि सवै कामकाजहरु प्रविधिको प्रयोग गर्ने गरी स्तरबृद्धि गर्ने र सवै सरकारी निकायहरुमा विद्युतीय हाजिरी प्रणाली जडान गरी सञ्चालनमा ल्याउनुका साथै यस गेरुवा गाउँपालिकामा टेलिफोन लाईन जडान गरि दिने व्यवस्था गर्न नेपाल दुर सञ्चार संस्थान/ नेपाल टेलिकमलाई अनुरोध गर्ने निर्णय गरियो ।

**४. सामुदायिक गाई उद्धार केन्द्र सञ्चालन गर्ने सम्बन्धमा ।**

गेरुवा गाउँपालिका

प्रस्ताव नं. ४ माथि छलफल गर्दा २०७५।४।७ गते देखि २०७५।४।२१ सम्म देहाय बमोजिमका कार्यहरु गर्ने र २०७५।४।२२ गते विधिवत छाडा गाई बस्तु संकलन गरी पालनपोषण कार्य शुरु गर्ने गरि कार्यक्रम तय गर्ने निर्णय गरियो ।

क. गेरुवा गाउँपालिका वडा नं. १, सरखोल, ईन्टेकमा निर्मित सामुदायिक गाई उद्धार केन्द्रलाई स्थायी रुपमा व्यवस्थापन र सञ्चालन गर्नका लागि स्थानीय वडा नं. १ का वडा अध्यक्षको संयोजकत्वमा क्लष्टर सदस्यहरु, टोल समितिका सदस्यहरु, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समूहहरु, कुलापानी चौधरीहरु, बडघरहरु लगायत सवै सरोकारवाला स्थानीय जनताहरुको भेला बोलाई ती मध्येबाट भेलाले छानेका व्यक्तिको संयोजकत्वमा सामुदायिक र्गा उद्धार केन्द्र, संचालक समिति गठन गर्ने, विधान निर्माण गर्ने र सो समिति गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गरी सामुदायिक गाई उद्धार केन्द्र नामक सेवामुलक, अर्गानिक उद्योग तथा रोजगार मुलक स्वतन्त्र संस्था सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

ख. पशु स्वास्थ्य शाखाले सवै प्राविधिक कर्मचारीहरु र आवश्यकक जनशक्ति प्रयोग गरी १० दिन भित्र गेरुवा गाउँपालिका अन्तर्गत सवै वडाका सवै टोलहरुमा, घरघरमा रहेका गाई गोरुहरुको अभिलेख खडा गरी ट्रयाक लगाई प्रतिवेदन पेश गर्ने र छाडा गाई बस्तुहरु पहिचान गरी संकलन भए पछि उद्धार केन्द्रमा प्रवेश गराउँदा स्वास्थ्य परिक्षण र ट्रयाक लगाउने व्यवस्था मिलाउने ।

ग. गेरुवा गाउँपालिकाक्ले प्रचार प्रसार गर्ने, पराल, भूस, नुन लगायतका आवश्यक सामाग्री व्यवस्थापन गर्ने, हाललाई समिति अन्तर्गत रहने गरी स्थानीय २ जना हेरालुलाई माशिक पारिश्रमिक र मर्मत/व्यवस्थापन खर्च जुटाउने ।

घ. सवै मिलेर मिति २०७५।४।२२ गते विहान ११ बजे गाई संकलन केन्द्र उद्घाटन गर्ने व्यवस्था मिलाउने ।

**५. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गेरुवा गाउँपालिका र अन्तर्गत वडा तथा विषयगत कार्यालयहरुमा दरवन्दी अनुसारका कर्मचारीहरु नभएको कारणले कामकाजमा बाधा परि रहेको, कर्मचारी खटिई नसकेको र स्वीकृत पद बाहेकका पदमा अस्थायी, करार, ज्यालादारीमा कर्मचारी नराख्न र राखिएका कर्मचारीहरुलाई निरन्तरता नदिन निर्देशन भए बमोजिम सावीकका आयोजनाहरुका सहजकर्ताहरु र दरवन्दी बाहेकका पदमा रहेका कर्मचारीहरु स्वत: नरहने व्यहोरा जानकारी गराउँदै गेरुवा गाउँपालिकाको सुशासन कार्यक्रम अन्तर्गत थारु हेल्पडेस्क अन्तर्गत कार्यरत रहेका सहजकर्ता/स्वयंमसेवकहरुलाई परिचालन गरी कार्यसम्पादन गराउन सवै वडा कार्यालयहरुलाई निर्देशन दिने साथै अविलम्ब पदपूर्ति गरि दिने व्यवस्था हुन अनुरोध गर्ने र स्वीकृत दरवन्दीका तत्कालका लागि सेवा करारमा लिई कार्य सञ्चालन गर्ने सहमति माग गर्ने निर्णय गरियो ।

**६. गेरुवा गाउँपालिकाका तेश्रो गाउँसभाबाट भएका निर्णयहरु समर्थन एवं कार्यान्वियन गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा मिति २०७५।३।३० गते सम्पन्न यस गेरुवा गाउँपालिकाको तश्रो गाउँसभाबाट भएका निर्णयहरु संलग्न गरी जानकारी एवं समर्थनका लागि श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, ५ नं. प्रदेश, बुटवलमा पठाउने निर्णय गरियो ।

**७. घाट उत्राहीको ठेक्का बन्दोवस्त गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिकाको क्षेत्राधीकार भित्र पर्ने घाट उत्राहीहरु ईन्टेक, बनघुस्रा र सनट्टी घाट उत्राहीको ठेक्का बन्दोबस्त सम्बन्धमा मिति २०७५।४।६ गते गेरुवा गाउँपालिकाको राजश्व परामर्श समितिको वैठक को निर्णयहरु अनुमोदन गर्दै घाट उत्राहीमा अशुल गर्न पाउने दर रेट र न्युनतम ठेक अंक तपशिल बमोजिम निर्धारण गरी १५ दिने सार्वजनिक सूचना आवह्ान गरी यथाशिघ्र ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

| क.स. | विवरण | दर रेट रु. |
|---|---|---|
| १. | मानिस -१ जना | १५।- |
| २. | सामान भारी, बोरा प्रति क्विन्टल | १५।- |
| ३. | घोडा खच्चर प्रति जिउ | ४०।- |
| ४. | गाई, भैसीं, रांगा, गोरु आदि प्रति जिउ | ४०।- |
| ५. | खसी, वंगुर, बाच्छा, पाडा, पाडी प्रति जिउ | १५।- |
| ६. | साइकल -१ | १०।- |
| ७. | भारी गाडा -१ | १००।- |
| ८. | खाली गाडा -१ | ४०।- |
| ९. | लहरु गाडा -१ | ४०।- |
| १०. | मोटरसाइकल -१ | ३०।- |
| ११. | कार, जिप, ट्याक्टर -१ | १२०।- |

| क.सं | विवरण | न्युनतम ठेक अंक ( रु. मा) |
|---|---|---|
| १. | इन्टेक घाट उत्राही, गेरुवा-१ | ५०,०००।- ( पचास हजार ) |
| २. | बनघुस्रा घाट उत्राही, गेरुवा-२ | ७५,०००।- ( पचहत्तर हजार ) |
| ३. | सनकट्टी घाट उत्राही, गेरुवा-३ | ९,४२,०००।- ( नौ लाख बयालिस हजार ) |

**८. सूचना प्रविधि अधिकृतको करार सम्झौता निरन्तरता गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सूचना प्रविधि अधिकृतको करार सम्झौता निरन्तरता गर्ने सम्बन्ध को श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास

कार्यक्रमको  च.नं. ४७७, मिति २०७५।३।२४ को प्राप्तमा उल्लेखित शर्त तथा प्रावधान बमोजिम सूचना प्रविधि अधिकृतको लागि तोकिएको माशिक पारिश्रमिक रकममा यस गेरुवा गाउँपालिका बाट २५% ले हुने रकम थप गरि सेवा सुविधा उपलब्ध गराउने गरि करार सम्झौता नविकरण गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

९. **बिबिध**

**(क) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

(क) ३२ औं बोर्ड बैठकको रुपमा २०७५/४/२२ गते विहान ८ : ०० बजे बोर्ड बैठक बस्ने निर्णय गरियो ।

गेरुवा गाउँपालिका